# नियमहरू पालना गरेर बसोबास गरौँ

**यदि बुझ्नुभयो भने, □ मा ✓ चिन्ह लगाउनुहोस्।**

- □ फोहोर तोकिएको दिन, समय र स्थानमा मात्र फ्याँक्नुहोस्।
- □ छिमेकीलाई असुविधा नहोस् भनेर, ठूलो आवाजमा बोल्ने, टिभी वा रेडियो ठूलो आवाजमा बजाउने, वाद्य यन्त्र बजाउने, मध्यरातमा होहल्ला गर्ने आदि कुरामा ध्यान दिनुहोस्।
- □ आफ्नो कोठा अरू व्यक्तिलाई भाडामा दिनु हुँदैन।
- □ बसोबास गर्ने व्यक्तिको संख्या बढेमा, भाडामा दिने व्यक्तिलाई जानकारी दिनुहोस्।
- □ अनुमति बिना कोठामा परिवर्तन वा परिमार्जन गर्नु हुँदैन।
- □ हलवे वा भऱ्याङ जस्ता साझा क्षेत्रहरूमा कुनै पनि वस्तु वा फोहोर राख्नु हुँदैन।
- □ अनुमति बिना कुकुर वा बिरालो जस्ता पशु पाल्नु हुँदैन।
- □ कोठा भत्काएमा वा क्षति पुर्‍याएमा मर्मतका लागि आवश्यक खर्च तिर्नु पर्छ।
- □ कोठा छोड्दा, कम्तिमा पनि ३० दिन अघिबाट जानकारी दिनुहोस्।
- □ कोठा जस्ताको तस्तै अवस्थामा फर्काउनु पर्छ। यदि क्षति भेटियो भने मर्मत खर्च तिर्नै पर्छ।